म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३0/0६९/0७0

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८५ २०८१ जेठ १४ गते सोमबार 27 May 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## दुर्घटनामा कार्कीको मृत्यु

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-६, नयाँ बजारमा शनिबार बेलुका ट्रकले मोटर साइकललाई ठक्कर दिँदा हेटौँडा-८ का ४५ वर्षीय दिनेश कार्कीको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक कार्कीको नयाँ मेडिकल कलेज चितवनमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। शनिबार बेलुका साढे ७ बजे हेटौँडाबाट चितवनतर्फ जाँदै गरेको ना ५ ख ७७२१ नम्बरको ट्रकले विपरित दिशाबाट आउँदै गरेको बा प्र ०३-००४ प ६९७३ नम्बरको बुलेट मोटरसाइकललाई ठक्कर दिएको थियो । ट्रक चालक बारा जिल्ला जितपुर-सिमरा उपमहानगरपालिका-१, पथलैयाका ४२ बर्षीय सन्तोष धितालालाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

# बालश्रममा लगाउने ५ व्यवसायीलाई कारवाही

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा बालश्रममा लगाउने ५ व्यवसायीलाई करबाही गरिएको छ । आइतबार मनहरी गाउँपालिका, सिविन बालहेल्पलाइन १०९८, श्रम तथा रोजगार कार्यालयको संयुक्त अनुगमनका क्रममा कारबाही गरिएको श्रम तथा रोजगार कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठले जानकारी दिनुभयो ।

अनुगमनमा मनहरी ९, ८ र ७ मा ६ वटा व्यवसायलाई आवश्यक कागजात पेश गर्न ७ दिनको समय दिएको छ। ६ वटा व्यवसायीमध्ये ५ वटा व्यवसायीलाई श्रम तथा रोजगार कार्यालयले बालश्रम प्रयोग गरेकोमा कारवाहीसमेत गरेको हो ।

शाह मोटरसाइकल वर्कशपमा १४ वर्षको बालकलाई श्रममा प्रयोग गरेकामा ५ हजार रुपैयाँ जरिवाना गरेको हो । युएनयु अटो वर्कसेन्टरमा १७ वर्षीय बालकलाई श्रममा प्रयोग गरेकाले ३ सय रुपैयाँ जरिवाना गरिएको छ । यस्तै, सरस्वती फेन्सीलाई १७ वर्षका बालकलाई श्रममा प्रयोग गरेकाले ४ सय रुपैयाँ जरिवाना र बर्तौला खाजा घरमा १४ वर्षको बालकलाई श्रममा प्रयोग गरेकाले ५ हजार रुपैयाँ जरिवाना गरिएको हो । यसैगरी, बर्तौला सप्लायर्स मनहरी-७ मा १३ वर्षको बालकलाई श्रममा प्रयोग गरेकाले ५ हजार रुपैयाँ जरिवाना गरिएको श्रेष्ठले बताउनुभयो ।

२०८१ जेठ ३ गते श्रम तथा रोजगार कार्यालय हेटौंडाका प्रमुख छन्दनारायण श्रेष्ठ, नायब सुब्बा भीमप्रसाद शर्मा, मनहरी गाउँपालिकाका महिला तथा बालबालिका शाखा प्रमुख शिला अधिकारी, इलाका प्रहरी कार्यालय मनहरीका दिनेश थापा क्षेत्री, बाल हेल्पलाइन मकवानपुर प्रमुख झबिन्द्र ज्ञवाली, कार्यक्रम अधिकृत एवम् मनोविमर्शकर्ता सम्झना अधिकारी, मनहरी गाउँपालिकाका बालमैत्री सहजकर्ता सुशीला नेपालीलगायतको टोलीले बालश्रमिक अनुगमन गरेको थियो ।

# हेटौँडा उपमहानगरद्वारा आँखा अस्पताललाई उपकरण सहयोग



हेटौँडा सामुदायिक आँखा अस्पताललाई उपकरण हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले हेटौँडा सामुदायिक आँखा अस्पताललाई उपकरण (फन्डुस क्यामेरा) सहयोग गरेको छ। आईतबार आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठ र प्रमुख डाक्टर सुनिल थकालीलाई हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामाले फन्डुस क्यामेरा हस्तान्तरण गर्नु भएको हो ।

आँखाको पर्दाको जाँच गर्न प्रयोग गरिने क्यामेराले विशेषगरी मधुमेह, उच्च रक्तचाप भएका बिरामीको आँखा जाँच गर्नेछ। हेटौँडा उपमहानगरपालिकाको १७ लाख र आँखा अस्पतालको २ लाख लागतमा फन्डुस क्यामरा खरिद गरिएको हो। आँखाको रेटिनाको रंगसहितको फोटो निकाल्ने ५ मेगापिक्सेलको क्यामेरा हो । आँखा अस्पतालमा पहिले १.६ मेगापिक्सेलको क्यामेरा थियो । कार्यक्रममा नेपाल आँखा कार्यक्रमका कार्यकारी सदस्य सिद्धिलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

### कृष्ण सेन क्रान्तिकारी योद्धाः मुख्यमन्त्री जम्कट्टेल

# एकसाथ २५ जना पत्रकारलाई सम्मान

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले कृष्ण सेन सञ्चार जगतका क्रान्तिकारी योद्धा र कम्युनिस्ट नेता भएको बताउनुभएको छ। आइतबार कृष्ण सेनको १२ औं स्मृति दिवसको अवसरमा प्रेस सेन्टर मकवानपुरले आयोजना गरेको अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा बोल्नुहुँदै उहाँले मुलकमा गणतन्त्र स्थापनाका लागि सञ्चार क्षेत्रबाट सेन जस्ता सञ्चारकर्मीहरुको भूमिका रहेको बताउनुभयो ।

उहाँले मिडियाकर्मीमा आलोचनात्मक चेतना हुनुपर्ने र आफ्नो निष्ठा पूरा गर्न प्रतिबद्धता हुनुपर्ने बताउनुभयो । उहाँले बागमती प्रदेश सरकारलाई सञ्चारकर्मीहरुको सहयोग पाइरहेको भन्दै सञ्चार क्षेत्रलाई सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। प्रेस सेन्टरले दिवसको अवसरमा मकवानपुरका अग्रज र युवा तथा क्रियाशील सञ्चारकर्मीलाई सम्मान गरेको छ। सेन्टरले एकसाथ २५ जनालाई सम्मान गरेको छ । सम्मानित हुनेहरुमा प्रेस सेन्टर नेपालका संस्थापक अध्यक्ष महेश्वर दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, मकवानपुर शाखाका पूर्व अध्यक्ष नवराज शर्मा, मकवानपुरका युवा पत्रकार राजन दाहाल, एमपी शर्मा, सरला अधिकारी, प्रतीक्षा न्यौपाने र बालकृष्ण दाहाल लगायत रहेका छन् ।

कार्यक्रममा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल, प्रेस सेन्टर बागमती प्रदेश अध्यक्ष यदुनाथ गौतम लगायतको उपस्थिति रहेको थियो ।

# घरायसी विवादमा आफ्नै शरीरमा आगो

समाज संवाददाता

हेटौँडाः घरायसी विवादमा काभ्रे जिल्लाको बनेपामा एक पुरुषले आफ्नै शरीरमा आगो लगाएका छन् । पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-२७ घर भई हाल बनेपा बस्दै आएका ३५ वर्षीय अरूण कुमार यादवले घरायसी विवादका कारण शनिबार राती ९ बजेर ३० मिनेटको समयमा आफ्नै शरीरमा मट्टितेल खन्याएर आगो लगाएका हुन् ।

घाइते यादवको दुवै हात, खुट्टा र छाती जलेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ। घाइते यादवलाई उपचारका लागि शिरमेमोरियल अस्पताल बनेपा पठाइएको थप उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पताल रिफर गरिएको जनाएको छ ।

प्रहरीले घाइते यादवकी श्रीमती उषादेवी र जुम्ल्याहा दुधे बच्चालाई नियन्त्रणमा लिएर सेफ हाउस पनौती राखेको जनाएको छ ।

# विभिन्न घटना ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको तीन जिल्लामा विभिन्न घटनामा परी चार जनाको मृत्यु भएको छ। नुवाकोटमा दुई, सिन्धुपाल्चोक र सिन्धुलीमा एक-एक गर ी चार जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यायल हेटौँडाले जनाएको छ ।

शनिबार नुवाकोटको बेलकोटगढी नगरपालिका-१० मा पौडी खेल्ने क्रममा डुबेर दुई जनाको मृत्यु भएको छ । शनिबार २ बजेर ३० मिनेटको समयमा तादिखोलामा पौडी खेल्ने क्रममा डुबेर नुवाकोटको ककनी गाउँपालिका-४ का १८ वर्षीय हिमाल तामाङ र बेलकोटगढी-१३ का १९ वर्षीय रोजन तामाङको मृत्यु भएको हो । पौडी खेल्न गएका ६ जना मध्ये दुई जना डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोलीले खटिएर खोजतलासपछि उनीहरुलाई उद्दार गरी जिल्ला अस्पताल त्रिशुलीमा पठाएको थियो। अस्पताल पठाइएकोमा दिउँसो ४ बजेर ३० मिनेटको समयमा हिमाल र ५ बजेर ५ मिनेटको समयमा रोजनलाई डाक्टरले मृत घोषणा गरेको जनाएको छ।

यस्तै शनिबार सिन्धुलीको कमलामाई नगरपालिका-११, धमिलेमा करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही ठाउँका १५ वर्षीय पुष्कर दीप थापा रहेको प्रहरीले जनाएको छ । शनिबार दिउँसो १ बजेको समयमा घर नजिकै रहेको धमिले खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर थापा घाइते भएका थिए। घाइते थापालाई उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएकोमा उपचारको क्रममा दिउँसो २ बजेर ५५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो ।

यस्तै शनिबार नै सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-४, थकनी भीरबाट लडेर एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही ठाउँका ६९ वर्षीय बुधान तामाङ रहेको प्रहरीले जनाएको छ । छोरीको घरबाट घेवा खाएर फर्कने क्रममा बसेरी खोलाको भीरबाट ३० मिटर तल खसेर वृद्ध तामाङको टाउको, कान र शरीरको विभिन्न भागमा चोट लागेको थियो । तामाङलाई घाइते अवस्थामा देखेपछि स्थानीयले आफन्तलाई खबर गरी उपचारका लागि नेपाल मेडिकल कलेज अत्तरखेल काठमाडौं लगिकोमा उपचारको क्रममा राती ९ बजेर १० मिनेटमा डाक्टरले मृत घोषणा गरेको हो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर, बागमती प्रदेश, नेपाल

**पशु यांत्रिक कार्यक्रम शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना**

*दोस्रो पटक सूचना प्रकाशित मिति २०८१।०२।१४*

यस गाउँपालिकाको चालु आ व ०८०।०८१ को लागि पशु यांत्रिक कार्यक्रम अन्तरगत सामान खरिद गर्नु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वक शिलबन्दी दरभाउपत्र EGP मार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि गाउँपालिकाको वेवसाइट (https://makawanpurgadhimun.gov.np) तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको (E–GP) पोर्टलबाट हेर्न सकिने गरी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## राजनीतिमा आरोप-प्रत्यारोप

कुनै पनि देशको नीतिको पनि मुल नीतिको रुपमा राजनीतिलाई लिइन्छ । देशको राजनीति सही भएमा देश पनि सही मार्गमा अघि बढ्छ भने राजनीति गलत भएमा देशका अन्य नीतिहरु सहीरुपमा अघि बढ्न सक्दैन । राजनीतिले देशको शासन व्यवस्थामा मात्र नभई सबै पक्षमा प्रभाव पारेको हुन्छ । राजनीतिसँग व्यापार, व्यवसाय, उधोग, कृषि, शिक्षा, स्वास्थ्य आदि आर्थिक, सामाजिक क्षेत्र पनि प्रभावित भइरहेको हुन्छ । देशको पूर्वाधार विकासमा पनि राजनीतिक प्रभाव परेको हुन्छ । राजनीतिक अवस्था सही भएमा व्यवस्था पनि सही हुन्छ । जतिसुकै राम्रो व्यवस्था लागू गरिए पनि राजनीति राम्रो भएन भने त्यसको कुनै अर्थ रहँदैन । नेपालको राजनीति दशकौंदेखि समस्याग्रस्त छ । धेरै प्रकारका शासन व्यवस्था परिवर्तन भइसक्दा पनि समग्र राजनीति सुध्रन नसक्दा त्यसको प्रतिफल देश र जनताले पाउन सकेका छैनन् ।

अहिले देशमा संसारकै सबैभन्दा उन्नत मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू गरिएको छ । तर, मुलुकको राजनीतिक दल तथा तिनका नेतृत्वको कार्यशैली परिवर्तन हुन सकेको छैन । राजनीतिक अस्थिरताले मुलुक जर्जर बनिरहेको छ । राजनीतिक अवस्थाकै कारण देशमा आफ्नो भविष्य र सम्भावना नदेखेपछि लाखौं शिक्षित युवा विदेश पलायन भइरहेका छन् । मुलुकको राजनीतिक अवस्था सधैं अस्थिर बनिरहेको छ । फरक राजनीतिक सिद्धान्त र विचारधारा भएका राजनीतिक दलका नेताहरु स्वार्थ मिल्दा जस्तोसुकै कुरामा पनि एकमत हुने र स्वार्थ बाझिँदा एक-अर्काको विरोधमात्रै गर्ने परिपाटी रहेको छ । सत्ता र स्वार्थका लागि जोसुकैसँग सहमति र गठबन्धन गर्न तयार हुनेहरु स्वार्थ नमिल्दा आरोप-प्रत्यारोपमा उत्रने गरेका छन् । पछिल्लो समय सत्तारुढ गठबन्धन र प्रतिपक्षी नेपाली कांग्रेसबीच यस्तै अवस्था देखिएको छ । यो अवस्था संघीय तहमा मात्र नभई प्रदेशमा पनि चरम अवस्थामा पुगेको छ । राजनीतिक दलहरुको यस्तो प्रवृत्तिले राजनीतिक अस्थिरता बढाएर राजनीतिक दल र नेतृत्वप्रति जनताको विश्वास कम हुँदै गएको छ ।

नेपाली कांग्रेसको बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले वर्तमान सरकार ज्यानमाराहरु मिलेर बनेको आरोप लगाएका छन् । वर्तमान सत्ता गठबन्धनमा रहेका राजनीतिक दलका नेता ज्यामारा रहेको उनको भनाइ छ । नेकपा माओवादीले सर्वसाधारण मारेको, नेकपा एमालेका अध्यक्ष केपी ओलीले र रास्वपाका सभापति रवि लामिछानेले पनि आफ्नै सहकर्मीलाई मर्न बाध्य बनाएको आरोप बानियाँको छ । कांग्रेसकै कार्यकर्ता प्रशिक्षण कार्यक्रममा बोल्दै बानियाँले वर्तमान सरकार मान्छे मार्नेको एकता भएकाले उनीहरूमा मानवता नभएको बताएका हुन् । वर्तमान सरकारले मिचाहा प्रवृत्ति देखाएको उनको भनाइ छ । नेपाली कांग्रेसले गृहमन्त्री रवि लामिछाने सहकारी घोटालामा संलग्न रहेको भन्दै संसदीय छानविन समिति बनाउन माग गर्दै संघीय संसद अवरुद्ध पारिरहेको छ ।

नेपाली कांग्रेस प्रतिपक्षी दल भएकै कारण अहिले सत्ता गठनबन्धन दल र तिनका नेताविरुद्ध चर्को स्वरमा बिरोध गरेको हो । यदि कांग्रेसको ठाउँमा अर्को कुनै राजनीतिक दल हुन्थ्यो भने सरकारको विरुद्धमा उसले पनि यस्तै चर्का नाराबाजी र अवरोध गर्थ्यो । आफूले गरेको र आफ्ना संलग्न भएको सबै कुरा ठिक, अर्कोले गरेको सबै बेठिक भन्ने मानसिकता राजनीतिक दल र तिनका नेता तथा समर्थकमा रहँदासम्म राजनीतिमा आरोप-प्रत्यारोप अन्त्य हुन सक्दैन । जोसुकैले गरेको भए पनि राम्रो कामको प्रशंसा र खराब कामको बिरोध गर्ने परिपाटी विकास नहुँदासम्म राजनीति सुध्रन सक्दैन । राजनीतिक दल र नेतृत्वप्रति अन्धभक्ति प्रदर्शन नगरी राम्रोलाई राम्रो र खराबलाई खराब भन्ने राजनीतिक संस्कार विकास गर्नु आवश्यक छ । आफू, आफ्नो दल र आफ्नो दलको नेता सधैं सही अनि विपक्षी जति सबै गलत देख्ने र आफ्नोले गरेको गल्तीलाई ढाकछोप गर्ने संस्कार अन्त्य गरेर राजनीति सुधार नगर्ने हो भने त्यो जुनसुकै दल र नेताका लागि प्रत्युत्पादक बन्नसक्ने तथ्यलाई मनन गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**वृष** : प्रतिस्पर्धी माथि विजय हाशिल हुने समय छ ।
**मिथुन** : पढाइ–लेखाइका क्षेत्रमा सरिक भइने योग छ ।
**कर्कट** : पारिवारीक दायित्व बढ्ने समय योग छ ।
**सिंह** : लेखाइ– पढाइका काममा समय व्यतित होला ।
**कन्या** : धार्मिक यात्रा योग रहने समय रहेको छ ।
**तुला** : परीक्षा र प्रतिस्पर्धामा विजय प्राप्त होला ।
**वृश्चिक** : धार्मिक कृत्यमा सरिक भइने समय योग रहेको छ ।
**धनु** : दार्शनिक विषयप्रति झुकाव बढ्ने समय योग रहेको छ ।
**मकर** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**कुम्भ** : वैदेशिक योगबाट लाभ प्राप्त हुने समय छ ।
**मीन** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ ।

# योजनातिर आँखा लगाउँदा

**अबको औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत हुने भनिएको छ, पहिलो वर्ष ६ प्रतिशत भई अन्यमा ८ प्रतिशतको अपेक्षा गरिएको छ । हालको आर्थिक वृद्धिदर २.२ प्रतिशत छ, भनौं अतीतदेखि आजसम्म आइपुग्दा औसत आर्थिक वृद्धिदर यस्तै-यस्तै हो, कुनै बेला माइनस पनि भयो, उद्देश्य डबल डिजिटको भनिरहँदा । हाल अर्थतन्त्रमा वित्तीय क्षेत्रको योगदान न्यून छ, कमजोर छ, उत्पादनमूलक र निर्माण उद्योगको वृद्धिदर ऋणात्मक छ ।**



✍अच्युतप्रसाद पौडेल 'चिन्तन'




आउने २०८१ साउनदेखि देशले नयाँ योजना १६ औं पञ्चवर्षीय योजना पाउँदै छ। वि.सं. २०१३ मा देशको प्रशासन सञ्चालनको मूल ऐन निजामती सेवा, देशको ढुकुटी बोक्ने नेपाल राष्ट्र बैंक र देश विकासको खाका तयार पार्ने योजनाहरूको आरम्भ भइरहँदा यो पंक्तिकार तोतेबोलीमै थियो। झन्डै सात दशकमा देशमा धेरै खोला बगिसकेका छन्, धेरै पहिरो गइसकेको छ र नेपालीहरूले वार्षिक साढे ७ लाखका दरले बिदेसिने प्रण पनि गरिसकेका छन् अहिलेसम्म ।

समृद्धिको नाममा धेरै राजनीतिक परिवर्तन पनि भइसकेका छन्, गरिबी घटेको छैन र भर्खरै देशले १६ औं योजनाको खाका तय गरिसक्दा साबिकमा वृद्धि भइरहेको गरिबीलाई आउने पाँच वर्षभित्र अकस्मात् नै १२ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। आर्थिक विकास आजको मूल मुद्दा हो, तर नेतृत्व यसमा सक्रिय देखिँदैन । विकसित मुलुकहरूको उदाहरण हेर्ने हो भने त्यहाँको राजनीतिले आर्थिक योजना र विकासलाई नै मूल आधार बनाएको पाइन्छ । विकासोन्मुख मुलुकहरूको मूल समस्या भनेको योजनाको व्यवस्थापन र विकासको गतिलाई आत्मसात् गर्न नसक्नु नै हो। वचनं किं दरिद्रता भन्ने नेपाली उखान सम्झँदै अतीतलाई थोरबहुत कोट्याउँदै हालको सन्दर्भमा प्रवेश गर्ने यो आलेखको आशय रहेको छ।

प्रथम पञ्चवर्षीय योजनाको आरम्भ वि.सं. २०१३ मा भएको र पाँचवर्षे योजना अवधिमा सबै जिल्ला सदरमुकाममा आ.वा. सेटको स्थापना, काठमाडौं-हेटौंडा रोपवेको निर्माण भएको र ३३ करोड आर्थिक लगानी बोकेको यस योजनाले यातायात र सञ्चारलाई जोड दिएको थियो।

दोस्रो त्रिवर्षीय योजना (२०१९-२०२२) मा ६० करोडको खर्च थियो, साबिकझैं सञ्चार र यातायातले प्राथमिकता पाएको थियो । यस योजना अवधिमा खासगरी क्षेत्रीय विकास नीतिले प्रश्रय पाएको थियो ।

तेस्रो पञ्चवर्षीय योजनाले २ सय ५० करोड व्ययभार बोकेको र पहिलो प्राथमिकता कृषिक्षेत्रलाई दिई विद्युत विकासलाई दोस्रो प्राथमिकता दिएको थियो ।

चौथो पञ्चवर्षीय योजनाले यातायातलाई नै पहिलो प्राथमिकता दिई कृषिलाई दोस्रो प्राथमिकता दिएको थियो भने अन्तर्राष्ट्रिय व्यापार, श्रमको अत्यधिक उपयोग, आन्तरिक स्रोत र साधनको प्रभावकारी उपयोगमा समेत जोड दिँदै प्रशासनक्षेत्रको सुधारतर्फ अग्रसर भएको देखिन्थ्यो ।

पाँचौं पञ्चवर्षीय योजनाकालमा आइपुग्दा मुलुकले १४०४ करोड रुपैयाँ खर्च गर्ने भएको र कृषिक्षेत्र पहिलो प्राथमिकता, क्षेत्रीय प्राथमिक सन्तुलन, न्यूनतम र अधिकतम लक्ष्यको सीमांकन, विकास निर्माणमा अग्रसरता, पूर्व-पश्चिम राजमार्गको अवधारणा र स्थानीय विकास मन्त्रालयको छुट्टै संगठन संरचना यस योजनाको उपलब्धि थियो ।

छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) ले आधारभूत आवश्यकता (गाँस, बास र कपास) को पूर्तिको अवधारणा एवं शिक्षा र स्वास्थ्य क्षेत्रमा विशेष जोड दिँदै २५७५ करोड खर्च गरेको यस योजनाले पुरानै परम्परालाई जोड दिँदै कृषिक्षेत्रलाई प्राथमिकता दिएको थियो ।

सातौं पञ्चवर्षीय योजना (२०४२-२०४७) ले आर्थिक व्यवस्थापनमा विकेन्द्रीकरणको नीति अँगालेको थियो भने सहकारी भावनाको अवधारणा अघि सारी खुला र प्रतिस्पर्धी आर्थिक वातावरणलाई आत्मसात् गरेको थियो । न्यूनतम आधारभूत आवश्यकताको पूर्तिदेखि क्षेत्रगत लक्ष्य किटानको परम्परा पनि यस योजनाले बसालेको थियो ।

आठौं पञ्चवर्षीय योजना (२०४९-२०५४) ले शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता सामाजिक क्षेत्रलाई जोड दिएको थियो भने योजनाको ६५ प्रतिशत खर्च विदेशी सहयोगमा भई गरिबी न्यूनीकरण, क्षेत्रीय सन्तुलनलाई जोड दिएको थियो ।

नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) ले गरिबी निवारण, कृषि उत्थान, जलस्रोत, उद्योग, पर्यटनजस्ता विकासका पूर्वाधारहरूलाई जोड दिएको थियो भने ३४४.९ अर्ब खर्च गर्ने रणनीति लिएको यस योजनाकालमा मुलुकमा द्वन्द्व एवं अन्तर्राष्ट्रिय क्षेत्रमा आर्थिक मन्दी देखा परी विकासको वातावरण असहज भएको थियो ।

दसौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले ८ देखि १० जिल्ला सदरमुकामहरूमा मोटरबाटो पुऱ्याउने, गरिबीको रेखामुनिको जनसंख्या ३० प्रतिशतमा झार्ने, सामान्य अवस्था रहिरहेमा मुलुकको आर्थिक वृद्धिदर ६.२ प्रतिशतमा पुर्याई गरिबी न्यूनीकरणलाई नै मूल प्राथमिकता दिई आरम्भ भएको दसौं पञ्चवर्षीय योजनामा मुलुकमा आमूल परिवर्तनका संकेत देखिए। धनी र गरिबबीचको खाडल डरलाग्दो रूपमा देखा पर्यो । संविधानसभाको चुनाव, अन्तरिम संविधानजस्ता विशेष राजनीतिक मुद्दाले नै बढी प्रश्रय पाएको यस योजना अवधिको प्रगति गरिबीको रेखामुनिका जनसंख्या ३१ प्रतिशतमा झरेको र ७ जिल्ला सदरमुकाममा मोटरबाटो पुगी आर्थिक वृद्धिदर भने केवल ३.४ प्रतिशतमा सीमित बन्न पुगेको देखियो ।

अन्तरिम योजना (वि.सं. २०६४-२०६७): वि.सं. २०६४ सालदेखि मुलुकमा तीनवर्षे अन्तरिम योजना सञ्चालनमा रह्यो। यो विशेष परिस्थितिमा लागू भएको भनियो, मुलुकमा आरम्भ भएको ११ वर्षअघिको सशस्त्र द्वन्द्वले विश्राम पाएको र जनआन्दोलन-२ ले अभूतपूर्व सफलता हासिल गरेपछिको एक प्रतिबद्धता भनियो ।

मुलुकमा १० वटा आवधिक योजना पूरा भइसक्दा पनि गरिबीको रेखामुनिका जनसंख्या ३१ प्रतिशतमै रहेको, १२ वटा जिल्ला सदरमुकाममा मोटरबाटो पुग्न नसकेको, अपेक्षाकृत आर्थिक वृद्धिदर हासिल हुन नसकेको, धनी र गरिबबीचको दूरी घट्न नसकेको पृष्ठभूमिमा भनिरहँदा यस अन्तरिम योजनाले पुनर्निर्माण, पुनर्स्थापना, पुनर्एकीकरणको प्रयासलाई जोड दिँदै भौतिक पूर्वाधारमा बढी ध्यान दिने, बाराको निजगढमा थप अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्ने, पोखरा एवं लुम्बिनीमा दुई क्षेत्रीय विमानस्थल मैदान निर्माण गर्ने, जिल्ला सदरमुकाममा जोड्न बाँकी १२ वटा सदरमुकाममा मोटरबाटो जोड्ने, रोजगारी वृद्धिदर ३.५ प्रतिशत पुर्याउने, समष्टिगत आर्थिक वृद्धिदर ५.५ प्रतिशत पुर्याई गरिबीको रेखामुनि रहेका जनसंख्याको प्रतिशत २४ मा झार्नेसमेतको लक्ष्य लियो ।

यसपछि देशमा धेरै नै उथलपुथल भयो, आउँदो २०८१ असारदेखि त देशले पन्ध्रौं योजनालाई समेत बिदा गर्दै छ । १६ औं योजनाको समयावधि २०८६ असार तोकिएको छ । यो योजना सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय आकांक्षासहित तर्जुमा भएको भनिएको छ र यसको आकार १ सय ५ खर्बको हुनेछ । अबको औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत हुने भनिएको छ, पहिलो वर्ष ६ प्रतिशत भई अन्यमा ८ प्रतिशतको अपेक्षा गरिएको छ। हालको आर्थिक वृद्धिदर २.२ प्रतिशत छ, भनौं अतीतदेखि आजसम्म आइपुग्दा औसत आर्थिक वृद्धिदर यस्तै-यस्तै हो, कुनै बेला माइनस पनि भयो, उद्देश्य डबल डिजिटको भनिरहँदा। हाल अर्थतन्त्रमा वित्तीय क्षेत्रको योगदान न्यून छ, कमजोर छ, उत्पादनमूलक र निर्माण उद्योगको वृद्धिदर ऋणात्मक छ ।

अबको योजनामा सार्वजनिक निजी सहकारीसहित समग्रबाट १ सय खर्ब लगानी गर्ने र १० वर्षभित्र पूरा हुने राष्ट्रिय गौरवका आयोजना मात्रै छनोट हुने र त्यसको मापदण्ड तयार हुने भनिएको छ । मेलम्ची र अन्य कति धेरै योजना समयमा पूरा नभएका, लागत खर्च बढ्दै गएका कारण सरकारले यसो भनेको हुन सक्छ, तर देशमा सरकार मात्रै होइन नीति नै अस्थिर छ, प्रतिबद्धताका कर्महरू अहिलेसम्म पूरा भएका छैनन् र तमाम कार्यहरू कर्मकाण्डी र बजेट तान्ने, सिध्याउने गरेको तीतो अनुभव छ ।

यो योजनामा सरकारी लगानी ३०.२ प्रतिशत, निजी क्षेत्रको ६७.२ प्रतिशत र सहकारीको लगानी २.६ प्रतिशत हुने भनिएको छ, तर निजी क्षेत्र आकर्षित भएको छैन, बैंकमा धेरै रकम तरलताको रूपमा बसेको छ, सरकारले पुँजीगत खर्च गर्न नसकेको धेरै वर्ष भइसकेको छ, सहकारीहरूको पनि अहिले होस उडेको अवस्था छ, को कति बेला कहाँबाट समातिने हुन् थाहा छैन, सहकारीको मुद्दाले पहिले सडक तात्यो, अहिले संसद् तातेको छ । जिडिपीमा कृषिको योगदान घट्ने, उद्योग र सेवाको योगदान बढ्ने भनिएको छ ।

जिडिपीमा संघको खर्च अनुपात ३४.४ र वित्तीय हस्तान्तरण १०.३ प्रतिशत भनिएको छ । प्रदेश र स्थानीय तहको सबलीकरण भनिएको छ, तिनलाई बढी स्वायत्त बनाउँदै स्रोत र साधनयुक्त बनाउने र केन्द्र नियन्त्रित नहुने भनिएको छ। यसअघिको १५ औं योजनाले आगामी वि.सं. २१०० सम्म समृद्धि र सुखी अनि त्यसको सूचक हासिल गर्ने दीर्घकालीन लक्ष्यलाई अहिलेको योजनामा पनि सारिएको भनिएको छ। अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई पनि औपचारिकमै रूपान्तरण गर्ने र एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा योजनाअनुरूप सामाजिक सुरक्षाका विभिन्न ८७ वटा कार्यक्रमलाई संयोजित रूपमा दोहोरो नपर्ने गरी वास्तविक लाभग्राहीमैत्री बनाउने भनिएको छ ।

हालको आर्थिक वृद्धिदर २.२ बाट योजना अवधिमा ७.३ प्रतिशत पुग्ने, प्रतिव्यक्ति आय १ हजार ४ सय १० युएस डलरबाट २ हजार ४ सय १३ हुने, बेरोजगारी दर ११.४ बाट झरेर ९ प्रतिशत हुने, गरिबी २०.३ बाट झरेर १२ प्रतिशत हुने, मूल्यवृद्धि ७.७ बाट झरेर ५ प्रतिशत हुने, औसत नेपालीको आयु वर्ष ७०.५ बाट ७३ वर्ष पुग्ने, स्वास्थ्य उपचार पहुँचको जनसंख्या ७७ बाट ९० प्रतिशत पुग्ने र साक्षरता दर ७६.२ बाट ८५ प्रतिशत पुग्ने भनिएको छ। आर्थिक वृद्धिमा कृषिको योगदान ३.९, उद्योगको ९.४ र सेवाक्षेत्रको योगदान ७.१ प्रतिशत भनिएको छ ।

जिडिपीमा कृषिको योगदान २४.६ बाट घटेर २१.५ प्रतिशत रहने, उद्योगको १२.९ बाट १४.८ प्रतिशत हुने र सेवा क्षेत्रको योगदान ६२.४ बाट ६३.७ प्रतिशत हुने भनिएको छ । हाल तिर्न बाँकी सार्वजनिक ऋण जिडिपीको ४१.७ प्रतिशतबाट घटेर ३९ मा झार्ने लक्ष्य लिएको देखिन्छ। हाल सरकारको वार्षिक खर्च साढे ८ खर्ब मात्रै छ, निजीको ८० खर्ब हुने अनुमान र योजना अवधिभर ११४ खर्ब लगानी आवश्यक पर्छ । सार्वजनिक ऋण वृद्धि भइरहेको सन्दर्भमा योजनाले लक्ष्य लिएको ऋण अनुपात घटाउन पहिले देशमा चलिरहेका बोझिला राजनीतिक संयन्त्रहरू खारेज गर्नुपर्ने हुन्छ, जुन काम नै नेतृत्वले सहर्ष स्वीकार गरेको अवस्था छैन, अब अर्को रोजगार प्राधिकरणसमेत थपिने भनिसकिएको छ।

कैयन् अध्ययन-प्रतिवेदनहरू आए, प्रशासनिक संरचना पनि घटाउने, मन्त्रालयको संख्या घटाउने भन्ने तर यथार्थमा बरु बढेका छन्, घटेका छैनन् । छिमेकमा २५ करोड जनसंख्या भएको स्थानमा एक प्रदेश छ, यहाँ डेढ लाख वर्ग किमि त्यो पनि अधिकांश पहाड, हिमाल र ३ करोड जनसंख्यामा आधा बाहिर खेदिएकोमा ७ प्रदेश छ र चालु खर्च यति धेरै छ कि तलबभत्ता, पेन्सन आदि खर्चमा पनि ऋण उठाउनुपरेको छ । १६ औं योजना पास गर्दा सरकारी खर्च चालु आवमा २ खर्ब घाटामा रहेको तथ्यांक महालेखा नियन्त्रक कार्यालयले दिँदै थियो, कनिकुथी गर्दै बूढाहरूले देशको नीति तथा कार्यक्रम पढ्दै थिए, अधिकांश पुरानै शैलीको निरन्तरताका नाममा ।

सरकारी वित्त फराकिलो हुँदै र राजस्व न्यून हुँदै आएको छ, नयाँ परिवर्तित शासन प्रणालीले आमनागरिकमाथि करको भार धेरै बोझिलो पारेको छ, स्वदेशी उत्पादनको सट्टा विदेशी सामान आयात गरेर त्यसबाट आर्जित भन्सार करबाट देशको अर्थतन्त्र उधारोमा धानिएको छ, वैदेशिक रोजगारीमा सशक्त युवालाई खाडीमा धकेलेर त्यसबाट प्राप्त विप्रेषणले राष्ट्र बैंकको ढुकुटी भरिएको छ । निजी क्षेत्रलाई नेतृत्वले विश्वास दिलाउन सकेको छैन, धरपकड जारी छ, सुशासनको अभाव छ, देशैभरि एकमाथि अर्को काण्डहरू घट्दै छन्, भ्रष्टाचारका केसहरू छताछुल्ल छन्, आम सेवाग्राहीले सेवा नपाएको गुनासो छ, सरकारी सुविधा छैन, चर्को मूल्य लिइन्छ कुनै पनि सेवा लिनुपर्दा, अझ भनौं प्रसूतिगृहदेखि आर्यघाटसम्म पैसा तिरेको तिर्‍यै गर्नुपर्छ।

पछिल्लो समय देशको लोकतन्त्र लोभतन्त्रमा परिणत भएको छ, नेताहरू धेरै खर्चालु छन् । जनता गरिब, नेता धनी भएको देश हो हाम्रो । देशले १६ वटा योजना पार गर्न लाग्दासमेत उही रोग, उही भोक, उही गरिबी, उही अशिक्षा देखिरहँदा विदेशीहरू जसले यहाँ पैसाको खोला-बाढी बगाए, ती पनि छक्क पर्दा हुन् । *(स्रोतः कारोबारदैनिक)*

# ११ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौँडाः रसाइली समाज नेपाल मकवानपुरको आयोजनामा भएको रक्तदान कार्यक्रममा ११ जनाले रक्तदान गरेका छन् । रसाइली समाज नेपालको पाँचौं स्थापना दिवसको अवसर पारेर हेटौँडा-१ स्थित रेडक्रस भवनमै रक्तदान कार्यक्रम गरिएको हो । समाजका सल्लाकार गणेश रसाइलीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । रक्तदान कार्यक्रममा र रक्तसञ्चार केन्द्रले प्राविधिक सहयोग गरेको थियो ।

## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेँलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउँन सक्ने हुँदा डढेँलो लाग्नबाट जोगाउँन विशेष सावधानी अपनाऔँ ।

डिभिजन वन कार्यालय, मकवानपुर

## माइग्रेसन हराएको सूचना

मकवानपुर बहुमुखी क्याम्पस २०७७ सालमा कक्षा १२ उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको गणेशकुमार बरालको माइग्रेसन सर्टिफिकेट (रजिष्ट्रेशन नम्बर ७६३१०२३३४, सिम्बोल नम्बर २३१००६४३) मिति २०८० साल चैत्र २७ गतेका दिन हेटौँडा बजारको स्कूलरोडबाट हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नुहुने, पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क: ९८११२१०९१७

## जिन्सी वस्त लिलाम गर्नेसम्बन्धी संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.को सूचना

*(प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०२/१४)*

उपरोक्त विषयमा यस संजीबनी बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८१।०१।१३ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको भवनदेखि उत्तरतर्फ खाली जग्गाको कम्पाण्ड भित्रको प्लास्टिकका अस्थायी ट्वाइलेटमा प्रयोग हुने तपशिलका सामानहरु जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनी/संस्था वा व्यक्तिको जानकारीका लागि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (१५औं दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन) लिलाम बढाबढ गनुपर्ने भएको ले लिलामी प्रक्रियाका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | लिलाम हुने मालसामानको विवरण | न्यूनतम लिलाम मुल्य | न्युनतम मुल्य |
|---|---|---|---|
| १. | हिलटेक २५० लिटर | ६ पिस (थान) | १,००,०००।०० |
| २. | घुम्ती ट्वाइलेट | कालो १३ थान | |
| ३. | घुम्ती ट्वाइलेट | निलो २ थान | |
| ४. | घुम्ती ट्वाइलेट | हरियो २ थान | |

सिलबन्दी बोलपत्र बुझाउने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक बिदा परेका सो को भोलिपल्ट दिनको २:०० बजे संस्थाको कार्यालयको आफ्नो भवनमा खोलिने छ ।

बोल-कबोल गर्ने खरिदकर्ताले फर्म बुझाउँदा बोल-कबोल गरेको कुल रकमको २५ प्रतिशत धरौटी रकम संस्थामा आई संस्थाको खातामा जम्मा गरेको सकल भौचरसहित पेश भएको हुनु पर्ने छ ।

बोल-कबोल खुले पश्चात प्रक्रिया पुगेको फर्मलाई बोल-कबोल परिसकेपछि ७ (सात) दिनभित्र सामान उठाउँदा बाँकी रकम भुक्तानी गरेपश्चात मात्र सामान लान सकिने अनुमतिपत्र दिईने छ । र बाँकी बोलकबोल नपरेका फर्महरुको २५ प्रतिशत धरौटी बापतको रकम फिर्ता गरिनेछ ।

लिलाममा भाग लिन ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) स्थायी लेखा नं. लिएको, मूल्यअभिवृद्धि करमा दर्ता भएको तथा आ.ब. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

लिलाम विक्री हुने समयः २०८१।०२।२८ गते, सोमबार
स्थान संजीवनी साकोसको आफ्नै भवन हेटौँडा, मकवानपुर
सम्पर्क नं.: ९८५५०७५१५६/०५७-५२५९५२

**संजीवनी बचात तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५, पिप्ले**

हार्दिक श्रद्धाञ्जली



जन्म
२०४०/०२/१९

स्वर्गारोहण
२०८१/०२/०२

स्व. केशव प्रसाद मुडभरी

पन्ध्रभद्र ग्रुपका शक्तिशाली सदस्य केशव प्रसाद मुडभरीको यही जेठ २ गते सवारी दुर्घटनामा अकल्पनिय, असमायिक स्वार्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहित र स्तब्ध भएको छौं ।

यस दुःखद घडीमा दिवङ्गत आत्माको चिरशान्ति र वैकुण्ठ बासको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवार, आफन्तजनमा पर्न गएको पीडा सहन गर्न सक्ने क्षमता प्राप्तिको लागि ईश्वर संग प्रार्थना गर्दछौं ।

पन्ध्र भद्र ग्रुप परिवार
मकवानपुर

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL Hetauda-2

## रिताको स्कुल

**पुस्तक समीक्षा**



अनुप धामी

मैले पढेको पुस्तकको नाम रिताको स्कुल हो । यस किताबको लेखक परशु प्रधान हुन् । यो किताब साझा प्रकाशनले छपाएको हो । यो किताबको प्रकाशन मिति २०५३ मा भएको हो । यो चौथोपटकसम्म छापिएको किताब हो । यस किताबमा २० वटा पाना रहेका छन् । यस किताबको आइएसबिएन नम्बर ९७८ ९९९ ३३ २ ९९१ ६ हो । यसको मूल्य ४५ रुपैयाँ रहेको छ ।

यो किताब रिताको स्कुल भन्ने शीर्षकमा छापिएको छ । पुस्तकभित्र लेखिएको विषयले हामीलाई विद्यालय गएर धेरै पढ्नुपर्छ भन्ने कुरा सिकाउन खोजेको छ । साथीसँग मिलेर बस्नुपर्छ, शिक्षकको आदर गर्नुपर्छ भन्ने विषयमा लेखिएको यस पुस्तकमा विद्यार्थीले गर्नुपर्ने कर्तव्यको बारेमा बुझाउन खोजिएको छ । यो पुस्तक विद्यालयको पहिलो दिनमा विद्यालय जाने विद्यार्थीहरूको क्रियाकलापलाई समेटेर लेखिएको छ । पुस्तकको आकार बनोट गातामा भएको चित्र सबै राम्रा छन् । यो पुस्तक सानो आकारको छ पुस्तक पढ्न आधी घण्टा जति लाग्न सक्छ । पुस्तकमा लेखिएका शब्दहरू सबै सजिलै पढ्न सकिने र बुझ्न सकिने खालका छन् । यस पुस्तकले हामी विद्यार्थीहरूलाई सधैं स्कुल जानुपर्छ । गृहकार्य कक्षाकार्य गर्नुपर्छ । इमान्दारी र अनुशासित हुनुपर्छ ठूलालाई मानसम्मान र सानालाई माया गर्नुपर्छ, गुरु वर्गलाई सम्मान गर्नुपर्छ । भन्ने ज्ञान दिन खोजिएको छ ।

विद्यार्थीलाई नैतिक ज्ञान दिने यो पुस्तक मलाई असाध्यै मनपऱ्यो । पुस्तकभित्र सच्याउनुपर्ने वा विषयवस्तुमा कुनै कमि-कमजोरी रहेको पाइएन । म यो पुस्तक दादा-दिदी, साथीभाइलाई पढ्न सुझाव दिन्छु । यो पुस्तकबाट हामीले नियमित विद्यालय गएर विद्यालयबाट सिक्नुपर्ने क्रियाकलापहरू सिक्ने र खेलखेलेर पनि ज्ञान ज्ञान लिने, साथीभाइसँग मिलेर बस्ने जस्ता विषयहरू यस पुस्तकमा राखिएकाले मलाई यो पुस्तक पढ्दा रमाइलो लाग्यो । यो पुस्तक विद्यालय भित्र प्रवेश गर्नुहुने सबै सबैलाई काम लाग्ने पुस्तक हो जस्तो लागेको छ । यति राम्रो पुस्तक हामी बालबालिकाका लागि लेखिदिनु भएकोमा लेखकलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२

## प्रतिवेदन



स्थानः बकैया गाउँपालिका-५, पावस
मितिः २०८१/०१/२८

परिचयः गर्मी र हावाहुरी लाग्ने मौसममा आगोलागीको जोखिम बढ्दै गएको समाचार आइरहेको अवस्थामा विद्यालयको शिक्षकबाट आगोलागी भएको घटना र यसबाट पुगेको क्षतिको खबर थाहा पाएपछि हामी बालजागृति युवा रेडक्रसका साथीहरू सहयोगका लागि तयार भयौं । रेडक्रसको मुख्य सिद्धान्त नै मानवसेवा भएकोले हाम्रो सानो सहयोगले पीडितलाई सहयोग र राहत पुग्न सक्छ भन्ने उद्देश्यले सहयोग जुटाउने कोसिस गऱ्यौं ।

विद्यार्थी उमेरदेखि नै सेवा र सहयोगको भाव जागृत गर्नका निमित्त विश्व रेडक्रस दिवसको अवसरमा बालजागृति युवा रेडक्रस सर्कल तथा बालजागृति स्कूलको आयोजना र सहयोगमा मकवानपुर जिल्लाको दक्षिण-पूर्वी भागमा अवस्थित बकैया गाउँपालिका वडा नम्बर ५, पावस हाम्रो सहयोग क्षेत्र वा गन्तव्य बनाएका थियौं । मिति २०८१-१-२८ गतेका दिन बिहान ११ बजे विद्यालय परिसरबाट विद्यालयको बसमा हाम्रो यात्रा चौघडा, पुतली बजार, हटिया, ठुलो दमार, स्याउली बजार, तीनतले, श्रीपुर, बकैया गाउँपालिका वडा नम्बर ५ को कार्यालय हुँदै पावस पुगेको थियो ।

उद्देश्यः आगोलागी पीडितका लागि सहयोग हाम्रो मुख्य उद्देश्य हो ।

क्रियाकलापः राहत वितरण गर्ने क्रममा स्थानीय अग्नि पीडित दलबहादुर राई र नरबहादुर राईका परिवार लाई नगदसहित ब्ल्याङ्केट, तन्ना, खाद्य सामग्रीहरू र पढ्ने बालबालिका रहेको घरमा शैक्षिक सामग्री प्रदान गरेका थियौं । हाम्रो सानो सहयोगले उहाँहरूको दुःख र पीडाको समयमा थोरै भएपनि मलमपट्टि लगाउने काम गर्दछ भन्ने विश्वास गरेका छौं ।

धन्यवाद ज्ञापनः राहत वितरण कार्यक्रममा हामीलाई खुला हृदयले सहयोग पुऱ्याउनुहुने लायन्स क्लब अफ हेटौँडा लर्डबुद्धका अध्यक्ष तुलसी गिरी, नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखा सदस्य पिताम्बर बास्तोला, बकैया गाउँपालिकाका वडा सचिव देवराज लामिछाने र सुमन विश्वकर्मा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण तिमल्सिना, विद्यालयका प्रिन्सिपल विनोद सुवेदी, शिक्षक नायक शर्मिला अधिकारी साथै राहत कार्यक्रममा रकम संकलन गरी सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शिक्षक शिक्षिका, विद्यार्थी साथीहरू, बालजागृति रेडक्रस सर्कलका साथीहरू, बालजागृति स्काउट ट्रुपका साथीहरू लगायत सम्पूर्ण विद्यालय परिवारप्रति कृतज्ञता र धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

निष्कर्षः बाजागृति युवा रेडक्रस सर्कलले आयोजना गरेको राहत वितरण कार्यक्रम सफलपूर्वक सम्पन्न भएको छ । साथै आगामी दिनहरूमा पनि यस्ता विभिन्न सहयोगको आवश्यकता रहेका व्यक्तिहरूलाई सहयोग पुऱ्याउने वाचा गरेका छौं ।

## गौतम बुद्ध



सभ्यता कुँवर

हाम्रो देश नेपालमा जन्मेका थिए बुद्ध
उनको मनमा थिएन पाप थिए उनी शुद्ध ॥

शुद्धताले भरिपूर्ण विष्णुको अवतार
सुख दिन्थे सबैलाई लगाउँथे दुःख पार ॥

मायादेवी थिइन् उनकी जन्मदिने माता
चिन्छन् सबैले भनी उनलाई शान्ति र ज्ञानका दाता ॥

जन्मदिने बित्तिकै चाले उनले साथ पाइला
सिद्धार्थ गौतम थियो उनको नाम पहिला ॥

गनेर गन्न नसकिने उनीमा रहेको गुण
शान्तिका दूत उनी ज्ञानले भरिपूर्ण ॥

नारायणका नौ वटा अवतारमध्ये एक थिए उनी
ज्ञान र शान्तिको प्रचार गर्दै हिँड्ने उनी थिए गुणी ॥

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल*
*हेटौँडा-२*

# सक्रिय र ऋषेश्वर सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडा: मकवानपुरको थाहा नगरपालिकामा जारी पाँचौं संस्करणको थाहा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। आइतबार क्वाटरफाइनलअन्तर्गतका दुई खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको नगर खेलकुद विकास समितिका सदस्य यादव रायमाझीले जानकारी दिनुभयो।

आइतबार भएको खेलमा विनयबाबु स्मृति प्रतिष्ठानलाई ३-१ गोलले हराउँदै सक्रिय युवा क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। सक्रियको जीतमा रुपक विष्टले २ र ज्याकी बलामीले एक गोल गरे। खेलको म्यान अफ द म्याच विष्ट घोषित भए। विनयबाबुका लागि महेश तामाङले एक गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेनन्।

यस्तै, अन्तिम क्वाटरफाइनल खेलमा भीमफेदी एफसीलाई १-० गोलले हराउँदै ऋषेश्वर-११ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। ऋषेश्वरको जीतमा सुनिल तामाङले निर्णायक गोल गरे। खेलको म्यान अफ द म्याच तामाङ घोषित भए।

प्रतियोगिताको सेमिफाइनलका दुई खेलहरु सोमबार हुँदैछ। सोमबारको पहिलो सेमिफाइन खेलमा फाइनल प्रवेशका लागि कुर्दन एकेडेमी चन्द्रागिरी र चित्लाङ एफसीबीच प्रतिस्पर्धा हुनेछ। दोस्रो खेलमा सक्रिय युवा क्लब र ऋषेश्वर-११ बीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल मंगलबार हुनेछ। प्रतियोगिताको विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्नेछन्।

# फुटबल उपाधी हात्तीसुँडेलाई

समाज संवाददाता

हेटौंडा: बकैया रिभर साइड युथ क्लबको आयोजनामा बकैया गाउँपालिकामा संचालन भएको खुल्ला ७ ए साइड गोल्डकप फुटबल प्रतियोगिताको उपाधी एफसी हात्तीसुँडेले जितेको छ। शनिबार भएको फाइनल खेलमा बकैया-७ स्थित एफसी कान्द्राङलाई २-१ गोलले हराउँदै हात्तीसुँडेले उपाधी जितेको प्रतियोगिताका संयोजक जीवन सञ्जेलले जानकारी दिनुभयो।

विजेता हात्तीसुँडेले २५ हजार रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाण प्राप्त गरेको छ भने उपविजेता कान्द्राङले १५ हजार रुपैयाँमा चित्त बुझाएको छ। क्लबका अध्यक्ष सुरेश स्याङ्तानको सभाध्यक्ष तथा बकैया-४ का वडाध्यक्ष राजन दंगालको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता समापन कार्यक्रममा बकैया खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङ लगायतको उपस्थिति रहेको थियो।


# हार्दिक समवेदना



जन्मः
बि.सं.२०४० जेठ १९

स्व. केशव प्रसाद मुडभरी

स्वर्गारोहणः
बि.सं. २०८१ जेठ २

यस महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडकी सेयर सदस्य लक्ष्मी सापकोटाको श्रीमान् **केशवप्रसाद मुडभरी**को दुर्घटनामा परी अल्पायुमै निधनको घटनाले हामी मर्माहत भएका छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

**महिला मिलन बचत तथा ऋण सहकारी संस्थ लि. परिवार**

**हेटौंडा-१३, पदमपोखरी**

# हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.२०४० जेठ १९

स्व. केशव प्रसाद मुडभरी

स्वर्गारोहणः
बि.सं. २०८१ जेठ २

यस कृषक जागृति बहुउद्देश्यीय सहकारी संस्था लि.का आदरणीय अध्यक्ष **केशवप्रसाद मुडभरी**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुखद् घडीमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी काम गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**व्यवस्थापक**

**एवम् कृषक जागृति बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार**

**हेटौंडा-१३, पदमपोखरी**

# हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.२०४० जेठ १९

स्व. केशव प्रसाद मुडभरी

स्वर्गारोहणः
बि.सं. २०८१ जेठ २

हाम्रा सुपुत्र **केशवप्रसाद मुडभरी**को सडक दुर्घटनामा निधनले हामी मर्माहत छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। घर, परिवार मात्रै नभनी आफन्त, इष्टमित्र, साथीभाइ र समाजका लागि पनि पुऱ्याएको योगदान चिरस्मरणीय रहनेछ। हामीप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दछौं।

बुबा/आमाः सोम प्रसाद मुडभरी/प्रमिला मुडभरी
श्रीमती : लक्ष्मी सापकोटा
छोरीहरुः सुस्मिता मुडभरी र आशिका मुडभरी
बहिनी : कविता मुडभरी
भाइ/बुहारी : अच्युत मुडभरी/मन्दिरा नेपाल

बहिनी/ज्वाइँ : सुनिता मुडभरी/लक्ष्मण तिमल्सिना
बहिनी/ज्वाइँ : अन्जु मुडभरी/श्यामकुमार अग्रवाल
ठूलोबुबा/ठूलीआमा : कृष्ण प्रसाद मुडभरी/दुर्गादिवि मुडभरी
ठूलोबुबा/ठूलीआमा : राम प्रसाद मुडभरी र रुकमणि मुडभरी
दाइ/भाउजु : राजु मुडभरी/पुजा मुडभरी
भाउजु : कविता मुडभरी

भाइ/बुहारी : विक्रम मुडभरी/देवकी घलान
भाइ/बुहारी : लक्ष्मण मुडभरी/प्रभा श्रेष्ठ
भाइ/बुहारी : बलराम मुडभरी/सरस्वती मुडभरी
भतिज/भतिजनीहरु : बिपुल, बिमल/डेमन/अज्मण/आरती/बिनिता/ब्रिजेश
भान्जाहरु : सुलभ/सुलक्षण, सुशान्त, अमृत, आशिष, अबि

**मुडभरी परिवार**

**हेटौंडा-१२, बीचरोड**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ